जि.प्रशा.का.दर्ता नं. १७१/०८०/८१

“निष्पक्ष जनपक्षीय सवालको निर्भीक आवाज”

संवाहक

राष्ट्रिय दैनिक Samvahak National Daily

**सूचना**

संवाहक राष्ट्रिय दैनिकको लागि स्तरीय लेख, रचना, फिचर, प्रेस विज्ञप्ति, आदि प्रेषित गर्न चाहनु हुन्छ भने कृपया विज्ञापनको लागि फोन नं.: ९८०६८१४३०२ मा प्रेषित गर्नुहोला।

वर्ष : ३ अंक : २२८ २०८२ साल फागुन ३० गते, शनिबार Saturday, Mar.– 14 2026 मूल्य रु. ५/- पृष्ठ : ४

# बारामा असिनाको कहरले बालीनालीमा ठूलो क्षति, किसान मर्माहत

***भुषण कुमार, कलैया २९, फागुन।***

बाराको विभिन्न क्षेत्रमा शुक्रबार साँझ परेको असिना पानीले किसानहरूलाई ठूलो मार पुऱ्याएको छ। असिनापानी बारा पर्साको विरगंज रौतहट लागयात तराई मधेसमा बालीनालीमा क्षति पुर्याएको छ। बाराको महागढीमाई, पिप्राविर्ता, कन्चनपुर, कलैया उपमहानगरपालिका, सिम्रौनगढ-९ कचोर्वा, टेंटा, फेटा गाउँपालिका-१ भलुही तिरवेनी लगायतका स्थानमा करिब १० मिनेटसम्म निरन्तर परेको असिनाले सडकभरि सेतो चद्दर जस्तो दृश्य बनाएको थियो।



किसानहरूले लगाएको मेहनत, श्रम र लगानीले हुर्काएको गहुँ, मकै, तेलहन, मसुरो, आलस, केराउ, तरकारी, आँप र लिची जस्ता बालीमा असिनाले व्यापक हानि पुऱ्याएको आशंका गरिएको छ। गहुँ बालामा दाना लागिसकेको, मकैको घोगामा दाना लागेको, तेलहन बालीमा मसुरो, आलस, केराउ लगायतका बालीमा असर परेको छ। आँपको बगैंचामा फुल-मोजरमा हानि पुगेको छ भने लिचीको फुलमा समेत असर परेको छ। मध्यखालको असिनाले किसानले लगाएको बालीमा ठूलो क्षति पुऱ्याउँदा उनीहरू आहत भएका छन्। असिनाबाट घरको छाना खप्डामा क्षति पुर्याएको छ। घर पानीमा चुहिन थालेको छ पीडा मानिस रहेको छ। स्थानीय किसानहरूले भने, “हाम्रो मेहनतले हुर्काएको बाली अचानक आएको असिनाले नष्ट भएको छ। गहुँ र मकैमा दाना लागेको छ भने तरकारी बालीमा समेत असर परेको छ। यस्तो बेमौसमी प्रकोपले आर्थिक रूपमा हाम्रो ठूलो घाटा पुऱ्याएको छ।” उनीहरूले तत्काल बालीको मूल्याङ्कन र राहतको व्यवस्था हुनुपर्ने माग गरेका छन्।

बारा निर्वाचन क्षेत्र नं. २ का सांसद चन्दन कुमार सिंहले किसानले भोगेको दुःखप्रति दुःख व्यक्त गर्दै सरकारसँग उचित पहल गरी क्षतिपूर्ति र राहतको व्यवस्था गर्न पहल गर्ने बताए। उनले स्थानीय प्रशासनसँग समन्वय गरी प्रभावित किसानको हकहित सुनिश्चित गरिने स्पष्ट पारेका छन्।

महागढीमाई नगरपालिकाका मेयर उपेन्द्र प्रसाद यादवले गहुँ, तेलहन र अन्य बालीमा आएको क्षतिको मूल्याङ्कन गरी उचित राहत प्याकेजको व्यवस्था गरिने बताएका छन्।

बाँकी तेस्रो पृष्ठमा

# दुईतिहाईको बाटोमा रास्वपा चुनावी वाचा कार्यान्वयनको तयारीमा

***काठमाडौं, फागुन२९।***

प्रतिनिधिसभा निर्वाचनको परिणामसँगै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बलियो बहुमतसहित सरकार गठन गर्ने अवस्थातर्फ पुगेको छ। निर्वाचनअघि नागरिकसँग बहुमतको सरकार बनाएर पाँच वर्षभित्र विभिन्न क्षेत्रमा सुधार गर्ने प्रतिबद्धता जनाएको रास्वपाले अब वाचापत्र कार्यान्वयनको तयारी थालेको जनाएको छ।

रास्वपाले चुनावका क्रममा सुशासन, आर्थिक सुधार, रोजगारी सिर्जना, शिक्षा, स्वास्थ्य तथा पूर्वाधार विकासलाई प्राथमिकतामा राख्दै समयसीमा तोकेर काम गर्ने वाचा गरेको थियो। पार्टीले सरकार गठन भएपछि भ्रष्टाचार नियन्त्रणका लागि ‘भ्रष्टाचारविरोधी महाअभियान’ सञ्चालन गर्ने, उच्च पदमा रहेकाहरूको विगतको सम्पत्ति छानबिन गर्न विशेष आयोग गठन गर्ने तथा अवैध रूपमा आर्जित सम्पत्ति जफत गर्ने प्रक्रिया अघि बढाउने बताएको छ।




आर्थिक क्षेत्रमा औसत आर्थिक वृद्धि दर वार्षिक ७ प्रतिशत कायम गर्ने लक्ष्य राखिएको छ। पाँचदेखि सात वर्षभित्र प्रतिव्यक्ति आय कम्तीमा ३ हजार अमेरिकी डलर पुऱ्याउने तथा अर्थतन्त्रको आकार १०० अर्ब डलर बनाउने योजना सार्वजनिक गरिएको छ। त्यस्तै सूचना प्रविधि, पर्यटन, कृषि, उद्योग, निर्माण र सेवा क्षेत्रमार्फत पाँच वर्षभित्र १२ लाख नयाँ रोजगारी सिर्जना गर्ने लक्ष्य पनि राखिएको छ।

पूर्वाधार विकासलाई गति दिने उद्देश्यसहित पाँच वर्षभित्र ३० हजार किलोमिटर राष्ट्रिय राजमार्ग निर्माण गर्ने योजना अघि सारिएको छ। ऊर्जा क्षेत्रमा १५ हजार मेगावाट विद्युत् जडित क्षमता पुऱ्याउने तथा स्मार्ट राष्ट्रिय ग्रिडमार्फत नेपाललाई ऊर्जा निर्यात गर्ने मुलुकका रूपमा विकास गर्ने लक्ष्य तय गरिएको छ।

सहकारी क्षेत्रको समस्या समाधानलाई पनि प्राथमिकतामा राखिएको छ। सरकार गठन भएको

बाँकी तेस्रो पृष्ठमा

# पिता जस्तो गुरु कोही छैन भन्दै बालेन साहले व्यक्त गरे केपी ओलीको पिताको निधनप्रति श्रद्धाञ्जली

***संवाहक सम्वादाता***-२९फागुन, कलैया

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का वरिष्ठ नेता तथा प्रतिनिधिसभा सदस्य बालेन्द्र साहले नेकपा ( एमाले) का अध्यक्ष केपी शर्मा ओलीका बुबा मोहनप्रसाद ओलीको निधनप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गरेका छन्।




शुक्रवार साँझ सामाजिक सञ्जालमार्फत उनले श्रद्धाञ्जली दिँदै लेखेका छन्, “पिताजस्तो रक्षक कोही छैन, पिताजस्तो गुरु कोही छैन, पिताजस्तो देवता पनि कोही छैन। पात्र एक, भूमिका अनेक। पिताको अनुपस्थितिले जीवनमा अपूरणीय रिक्तता र पीडा ल्याउँछ। पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीज्यूलाई पर्न गएको पितृ शोकमा हार्दिक समवेदना व्यक्त गर्दछु। पिताजीको आत्मा शान्ति पाओस्।”

मोहनप्रसाद ओली ९७ वर्षको उमेरमा शुक्रवार बिहान

बाँकी तेस्रो पृष्ठमा

# सर्वोच्चले तत्कालीन गृहमन्त्री बादल मुछिएको हत्या प्रकरणमा अनुसन्धान अघि बढाउन आदेश

***काठमाडौं, २९ फागुन २०८२ -***

सर्वोच्च अदालतले नेकपा माओवादी विप्लव समूहका कार्यकर्ता कुमार पौडेलको हत्या प्रकरणमा तत्कालीन गृहमन्त्री रामबहादुर थापा (बादल) सहित अन्य उच्च अधिकारीहरुमाथि अनुसन्धान अघि बढाउन आदेश दिएको छ।



सर्वोच्चको आदेशअनुसार अब प्रहरीले तत्कालीन गृहमन्त्री बादल, तत्कालीन प्रहरी महानिरीक्षक सर्वेन्द्र खनाल, तत्कालीन प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर राउत, र घटनामा संलग्न अन्य प्रहरी अधिकारीहरुमाथि फौजदारी अनुसन्धान गर्नुपर्नेछ।

कुमार पौडेलको हत्या सर्लाहीको लालबन्दी नजिकै २०७६ साल असार ५ गते दिउँसो १ बजे भएको थियो। पीडितको दावीअनुसार, तत्कालीन गृहमन्त्री बादलको प्रत्यक्ष निर्देशनमा खटिएको प्रहरी टोलीले पौडेललाई नियन्त्रणमा लिइ गोली हानी हत्या गरेको थियो। मानव अधिकार आयोगले समेत अनुसन्धान गरी निष्कर्ष निकालेको छ कि पुलिसको टोली प्रहरी प्रधान कार्यालयको आदेशअनुसार खटाइएको थियो।

कुमारको आमा दुर्गादेवी पौडेलले तत्कालीन अधिकारीहरू विरुद्ध जिल्ला प्रहरी कार्यालय, सर्लाहीमा किटानी जाहेरी पेश गरेकी थिइन्।

बाँकी तेस्रो पृष्ठमा

# भारतीय स्कारपियोको ठक्करबाट पैदलयात्रीको मृत्यु, ११ जना घाइत

***संवाहक सम्वादाता***-२९फागुन, कलैया

सर्लाही – बरहथवा नगरपालिका-१० सितापुरमा भारतीय नम्बर प्लेटको स्कारपियोले पैदलयात्रीलाई ठक्कर दिँदा एक जनाको मृत्यु भएको छ भने ११ जना घाइते भएका छन्।




शुक्रबार साँझ बरहथवाबाट सितापुरतर्फ जाँदै गरेको डीएल ९ सी जेडओ ७७७ नम्बरको भारतीय स्कारपियोले पैदल हिँडिरहेका बरहथवा-९ का ५० वर्षीय नारायण जर्गा मगरलाई ठक्कर दिएको प्रहरीले जनाएको छ। गम्भीर घाइते भएका मगरको उपचारका क्रममा मृत्यु भएको हो।

दुर्घटनामा रौतहटको दोस्तिया पिपरिया निवासी ७० वर्षीय कमल पटेल टाउकोमा गम्भीर चोट लागेर घाइते भएका छन्। उनको बरहथवास्थित हनुमन्त अस्पतालमा उपचार भइरहेको छ।

अन्य १० जना घाइतेहरूको स्थानीय नगर अस्पतालमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय सर्लाही ले जनाएको छ।

प्रहरीका अनुसार दुर्घटनामा संलग्न स्कारपियो र चालक बरहथवा नगरपालिका-१२ लौकठका ४० वर्षीय नरेश ठाकुरलाई नियन्त्रणमा लिएर थप अनुसन्धान भइरहेको छ।

# वन अतिक्रमण गरी बनाइएका ६ घरटहरा भत्काए

***संवाहक सम्वादाता***-२९फागुन, कलैया

– चन्द्रपुर नगरपालिका-६ बेल्डीस्थित वन क्षेत्रमा अवैध रूपमा निर्माण गरिएका ६ वटा घरटहरा भत्काइएको छ।



वन क्षेत्र अतिक्रमण गरेर बनाइएका घर तथा छाप्रा हटाउन इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुर, सशस्त्र प्रहरी बल नेपाल को बेस क्याम्प सन्तपुर, चन्द्रपुर सब-डिभिजन वन कार्यालय तथा रंगपुर साझेदारी वन उपभोक्ता समूह को संयुक्त टोली परिचालन गरिएको थियो।

टोलीले बिहीबार अपराह्न वन क्षेत्रमा बनाइएका अवैध संरचना भत्काएर क्षेत्र खाली गराएको डिभिजन वन कार्यालय रौतहट का प्रमुख हेमन्त प्रसाद साह ले जानकारी दिए।

उनका अनुसार गत २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनका क्रममा वन कर्मचारीहरू निर्वाचन कार्यमा खटिएको मौका पारेर केही स्थानीयले रातारात वन क्षेत्रमा घर तथा छाप्रा निर्माण गरी अतिक्रमण गरेका थिए।

बाँकी तेस्रो पृष्ठमा

"सत्य वस्तुत अन्त सम्म नै सत्य नै रहन्छ।"
- सेक्सपियर

प्रकाशक/सम्पादक
पन्नालाल दास
सम्पर्क नं.:- ९८४५२१७०१९
९८०६८१४३०२

सह-सम्पादक
मुन्ना कुमार

सामाचार सम्पादक
सरोज दास

कानुनी सल्लाहकार
परमहंस केशरी/
श्याम बिहारी कुशवाहा

कम्प्यूटर सेटिङ्ग
म. फरिद

Email: samvahakdaily1@gmail.com
Website: samvahakdaily.com

प्रधान कार्यालयः
कलैया उपमहानगरपालिका
शाखा कार्यालयः कलैया-१, बारा

मुद्रकः शुभ लक्ष्मी अफसेट प्रेस, वीरगंज

## सम्पादकीय .......

### बारामा पेट्रोल-डिजेलको कृतिम अभाव : नियमनहीनता कि सुनियोजित कालोबजारी ?

बाराको बजारमा फेरि एकपटक पेट्रोल र डिजेलको कृतिम अभावको समस्या देखिएको छ। स्थानीय उपभोक्ता र चालकहरूका अनुसार अधिकांश पेट्रोल पम्पहरूले "डिजेल छ, पेट्रोल छैन" वा "पेट्रोल छ, डिजेल छैन" जस्ता बोर्ड राख्दै आपूर्ति अव्यवस्थित बनाइरहेका छन्। कतिपय पम्पहरू दिनको समयमा बन्द राख्ने र राति मात्र बिक्री गर्ने प्रवृत्ति बढेको आरोप पनि उपभोक्ताहरूले लगाएका छन्। यसले इन्धन अभावको वास्तविकता भन्दा बढी कृतिम संकट सिर्जना भएको आशंका बलियो बनाएको छ। यो समस्या सबैभन्दा गम्भीर रूपमा कृषि क्षेत्रमा देखिएको छ। अहिले गहुँ भित्र्याउने सिजन भएकाले किसानलाई थ्रेसर र कृषि उपकरण चलाउन ठूलो मात्रामा डिजेल आवश्यक हुन्छ। तर पम्पहरूमा अभाव, सीमित परिमाणमा वितरण तथा मिसावटजस्ता अनियमितताले किसानलाई समयमै खेतमा काम गर्न कठिन बनाएको छ। परिणामस्वरूप उत्पादनमा क्षति पुग्ने जोखिम बढेको छ, जसको असर किसानको आम्दानीमा मात्र होइन समग्र कृषि अर्थतन्त्रमा पनि पर्न सक्छ। इन्धन संकटले यातायात क्षेत्रलाई पनि प्रभावित बनाएको छ। पम्पहरूमा लामो लाइन, अनियमित वितरण र कालोबजारीको आशंकाले सार्वजनिक यातायात तथा निजी सवारीसाधन प्रयोग गर्ने सर्वसाधारणलाई ठूलो सास्ती भोग्नुपरेको छ। दैनिक कामकाज र व्यवसायमा निर्भर मानिसहरूको समय, श्रम र खर्च बढिरहेको छ। स्थानीय स्तरमा केहीले अन्तर्राष्ट्रिय तनाव–ईरान, अमेरिका र इजरायलबीचको द्वन्द्व–को हवाला दिँदै आपूर्ति नियन्त्रण गरिएको आरोप लगाएका छन्। तर नेपाल आयल निगमले भने देशभर इन्धनको स्टक पर्याप्त रहेको दाबी गर्दै आएको छ। यदि निगमको दाबी सही हो भने बजारमा देखिएको अभाव व्यवस्थापनको कमजोरी वा सुनियोजित कालोबजारीको संकेत हुन सक्छ। यस्तो अवस्थामा सम्बन्धित निकायको प्रभावकारी निगरानी अपरिहार्य हुन्छ। जिल्ला प्रशासन, आपूर्ति व्यवस्था विभाग र नेपाल आयल निगमले संयुक्त रूपमा अनुगमन बढाएर इन्धन वितरणलाई पारदर्शी बनाउनु आवश्यक छ। पम्पहरूमा नियमित निरीक्षण, स्टक विवरण सार्वजनिक गर्ने व्यवस्था, र कालोबजारी गर्नेहरूलाई कडा कारबाही नगरेसम्म यस्ता समस्या दोहोरिरहने सम्भावना रहन्छ। दीर्घकालीन रूपमा हेर्दा नेपालले इन्धन आपूर्तिमा मात्र निर्भर रहने संरचनाबाट बाहिर निस्कनु पनि आवश्यक छ। स्वदेशी ऊर्जा स्रोतको प्रयोग, विद्युतीय सवारी साधनको विस्तार तथा वैकल्पिक ऊर्जा प्रवर्द्धनले मात्र यस्ता संकटहरूबाट मुलुकलाई क्रमशः सुरक्षित बनाउन सक्छ। इन्धन जस्तो आधारभूत आवश्यकतामा कृतिम अभाव सिर्जना हुनु केवल बजारको समस्या मात्र होइन, यो सुशासन र नियमनको पनि परीक्षा हो। समयमै कडाइ र पारदर्शिता नअपनाए बारामा देखिएको संकट अन्य ठाउँमा पनि दोहोरिन सक्छ।

# परिणाममुखी व्यवस्थापनको आशा




नेपालको राजनीतिमा हरेक १० वर्षमा एउटा आँधीबेहरी र परिवर्तन आउँछ भन्ने एउटा भाष्य छ। हुन पनि २००७ सालयता अहिलेसम्म लगभग त्यस्तै हुने गरेको छ। यसको पछिल्लो उदाहरण हो, २०७२ सालमा गणतन्त्रात्मक संविधान जारी भएपछि २०८२ को युवा आन्दोलन र त्यसको आडमा सम्पन्न प्रतिनिधि सभाको निर्वाचनमार्फत देखा परेको नयाँ परिस्थिति। सामाजिक सञ्जालमाथि प्रतिबन्ध लागेको निहुँमा भएको सरकारविरोधी आन्दोलनले भदौ २३ गते उग्र रूप लिँदा सरकारबाट भएको बल प्रयोग र त्यसको भोलिपल्ट भदौ २४ गते भएको विध्वंसले ७६ जना युवा, राष्ट्रसेवक र सर्वसाधारण नागरिकसम्मको ज्यान लिएको थियो। भदौ २४ गते एकै दिन देश इतिहासमा कहिल्यै नदेखेको भौतिक नोक्सानी बेहोर्न पुग्यो। राष्ट्रपति र सेनाको सक्रियता र सुझबुझमा चुनावी सरकार गठनमार्फत देशमा अमनचयन कायम गर्दै प्रतिनिधि सभाको ताजा निर्वाचन सम्पन्न भएको छ।

निर्वाचनको परिणामले लामो समयदेखि आलोपालो र मिलिजुली सत्ता समालेका प्रमुख तीन दलप्रति जनताले तीव्र आक्रोश पोखेको र आमूल परिवर्तनको पक्षमा जनादेश प्राप्त भएको छ। चुनावले सुशासनका निम्ति सरकारले चाहे आवश्यक ऐन नियमसमेत संशोधन गर्न पाओस् भन्दै कलिलो राष्ट्रिय स्वतन्त्र पार्टीलाई दुई तिहाई बहुमत दिएको छ। प्रतिनिधि सभा र राष्ट्रिय सभाको संयुक्त दुई तिहाइले संविधान संशोधन हुन सक्ने अवस्थामा त्यस्तो कार्य निर्वाचित ठुलो दल परम्परागत दलहरूसँगको सहकार्यमा मात्र गर्न सकोस् भनी अङ्कुश बाँकी राखेको छ। प्रस्ट छ, जनादेश सुशासनमा केन्द्रित छ।

भदौ २३ र २४ को घटनासम्बन्धी जाँचबुझ आयोग, २०८२ ले आफ्नो प्रतिवेदन सरकारसमक्ष पेस गरिसकेकाले त्यसबाट उक्त घटनामा संलग्न दोषी पहिचान गरी कारबाही गर्न र मर्का परेकालाई न्याय दिन बाटो खुलेको हुन सक्छ। आशा गरौँ, सशस्त्र सङ्घर्ष, जनआन्दोलन, मधेश आन्दोलनलगायतका घटनासम्बन्धी सत्य निरूपण तथा मेलमिलापमा देखिए जस्तो ढिलासुस्ती यस पटक देखिने छैन। अब बन्ने सरकार देशको निरन्तर उत्तराधिकारी हो। यो आफू सत्तामा आउनुअघि भएका युद्धकालीन मुद्दाहरूमा समेत विगतमा भएका सम्झौता, सहमति र समझदारी कार्यान्वयन गर्नपर्ने दायित्व लिएर आउने छ। राज्य पक्षबाट हुने सबै मुद्दामा यसले आफूअघिका सरकारले गरेका वाचा पूरा गर्नैपर्ने हुन्छ। जनताले दुई तिहाई बहुमत सुम्पिएकाले आफूले नागरिक करारपत्र भनी निर्वाचनअघि जनतासामु प्रस्तुत गरेका संवैधानिक सुधारका मुद्दालाई संसद्सामु प्रस्तुत गर्न हिच्किचाउन हुँदैन। देश र जनताको हितमा रहेका सुधारात्मक प्रस्तावलाई संसद्मा रहेका प्रतिपक्षीले जस्ताको तस्तै वा परिमार्जनसहित समर्थन गर्नैपर्ने अवस्था आउँछ, अन्यथा त्यस्ता प्रस्तावलाई रोक्न पुग्ने प्रतिनिधित्व उनीहरूसित सुरक्षित छ।

संसद्मा रहेको बहुमतको आडमा विगतका सरकारले देखाएका रवैयाप्रति उत्पन्न भएको जनआक्रोश र त्यसले ल्याएको परिणामबाट पाठ सिकी रास्वपा शालीन रूपमा प्रस्तुत हुनु पर्छ। राष्ट्रिय मुद्दालाई एकलौटी ढङ्गले टुङ्ग्याउन खोज्नुको सट्टा सबै सरोकारवाला पक्षहरूसित मिली सहमतिमा समाधान खोज्नु पर्छ। देशमा दीर्घकालीन शान्ति कायम हुने, देश समृद्ध हुने र पाँच वर्षका लागि चुनिएको दल पूरै अवधि सरकार चलाउन सफल हुने देखिन्छ। आशा छ, रास्वपा, यसको तर्फबाट निर्वाचित सांसदहरू र गठित सरकार आफूसित भएको बहुमत अल्पमतमा रहेका दलहरूविरुद्ध अभिमान प्रस्तुत गर्न नभई सुशासन प्रदान गर्न प्रयोग गर्ने छन्।

२०७९ सालको चुनावबाट देशको प्रमुख शक्तिका रूपमा छानिएका मुख्य तीन दल नेपाली कांग्रेस, नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टीले यस पटक अस्वाभाविक हार बेहोर्न परेको छ। नेपाली कम्युनिस्ट पार्टीको हकमा दलले निर्वाचनमा कमजोर प्रदर्शनी गरेकाले उसले नीतिगत आत्मसमीक्षा गर्नपर्ने अवस्था आएको भए पनि आफू निर्वाचित हुन सकेकाले यसका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' व्यक्तिगत रूपमा नेतृत्वमा सुरक्षित देखिन्छन्। कांग्रेस र एमालेको हकमा दलले गम्भीर आत्मसमीक्षा गर्नपर्ने अवस्था त आएको छ नै, कांग्रेसका सभापति र एमालेका अध्यक्ष आफूसमेत निर्वाचित हुन नसकेकाले उनीहरूलाई दलको नेतृत्वमा बस्नसमेत नैतिक समस्या आएको छ।

प्रतिनिधि सभाको पछिल्लो निर्वाचनको परिणामबाट व्यक्तिको हितलाई भन्दा दलको हितलाई र दलको हितलाई भन्दा देशको हितलाई प्राथमिकता दिनु पर्छ भन्ने मान्यताले थप बल पाएको छ। यही मान्यतालाई अघि सार्दै निकट भविष्यमा ठुलादेखि सानासम्मका दलमा दलका नीति र नेतृत्व परिवर्तनको मुद्दा थप टड्कारो रूपमा उठ्ने देखिन्छ। जमेको पानीमा फोहोर थुप्रिए जस्तै आन्तरिक छलफल, विचारविमर्श, अधिवेशन-सम्मेलन, आवधिक नेतृत्व चयन तथा परिवर्तन नहुने दलहरू बदलिँदो परिस्थितिको सामना गर्न असक्षम हुँदै जान्छन्। समय र परिस्थिति यस्तो निर्मम हुन्छन् कि तिनले वर्तमान समस्याको समाधान दिन नसक्ने कुनै पनि दल वा नेताले विगतमा गरेको धेरै ठुलो योगदान र त्यागलाई बेवास्ता गर्दै तिनलाई असान्दर्भिक बनाइदिन सक्छन्। आशा छ, हाम्रा दल र नेताहरू यस्ता कुरामा समयमै होश पुऱ्याउने छन् र आफ्नो सान्दर्भिकता कायम राख्ने छन्।

फागुन २१ को निर्वाचनले २०७२ को गणतन्त्रात्मक संविधानलाई अस्वीकार गरेको छैन। बरु यसले देशमा गणतन्त्र ल्याएकै र संविधान जारी गरेकै भरमा दल र नेताहरूलाई लगातार सत्ताको केन्द्रमा रहन दिनु पर्छ भन्ने मान्यता खारेज गरेको छ। अर्को हिसाबले भन्ने हो भने यसले देशमा राजनीतिक क्रान्ति पूरा भएको र अब समय आर्थिक निर्माण र सुशासनको आएकोमा जोड दिएको छ। देशले अङ्गीकार गरेको समाजवादउन्मुख संविधान राम्ररी कार्यान्वयन भए नेपाली जनता सन्तुष्ट रहने देखिन्छ। सबैले आत्मसम्मानपूर्वक बाँच्न पुग्ने आय हुने रोजगारी देशमै पाउने, राज्यका हरेक निकायबाट नेताका नातेदार तथा आसेपासे र सर्वसाधारण जनतालाई समान व्यवहार हुने हो भने देशमा साँचो अर्थमा अमनचयन कायम हुने र लगातार विद्रोह हुने छैन। आन्दोलन र निर्वाचनको परिणामले विभिन्न वाद र विचारधारा जस्ता अमूर्त कुरामा समय खर्च गर्न अस्वीकार गरेको छ। निर्वाचन परिणामले सबैखाले अतिवाद, जातीयता, क्षेत्रीयता र कठमुल्लावादी सिद्धान्तका आधारमा राजनीति गर्न खोज्नेलाई चयन गर्न अस्वीकार गरेको छ। नयाँ भएको र जनताले नचिनेको कारणले कहीँ कतै त्यस्तो दल वा नेता चुनिएको रहेछ भने पनि आउँदा दिनमा छाँटिने सम्भावना प्रबल छ। जनमतले सिधै परिणाममुखी व्यवस्थापन खोजेको छ। निर्वाचित नेतृत्वले उनीहरूको माग बुझेको छ वा छैन, बुझेको भए सोअनुरूप कार्यभार सम्पन्न गर्छ वा गर्दैन, हेर्न बाँकी छ।

निर्वाचनबाट प्रतिनिधि सभामा पुग्न नसकेका वा सानो उपस्थितिमा मात्र पुगेका दलहरूको भूमिका यहीँ सकियो भन्ने होइन। हामी कसैले पनि त्यस्तो भाष्य निर्माण हुन दिन हुँदैन। जनताले सत्तारूढ दल, संसद्मा रहेका प्रतिपक्षी दल, संसद्मा नपुगेका वर्तमान राज्य व्यवस्थाका हिमायती दल र वर्तमान राज्य व्यवस्था र संविधान नै नमान्ने राजनीतिक दल र नेताहरूलाई सूक्ष्म रूपमा हेरिरहेका हुन्छन्। औपचारिक सञ्चार माध्यम मात्र होइन, अनौपचारिक सामाजिक सञ्जालसमेत सशक्त भई सारा जनसमुदाय क्षणभरमा हरेक विषयमा सुसूचित रहने वर्तमान परिप्रेक्ष्यमा जो कसैले गरेको राम्रो नराम्रो काम कहीँ कसैबाट छिप्दैन।

जनता यति सबल भएका छन् कि शक्तिमा रहेकाहरूले दोहोरो मापदण्ड अपनाउने, नियम कानुन देखाएर जनता तर्साउने, कानुनी छिद्र प्रयोग गरेर शक्तिमा रहेकाहरूले नाजायज फाइदा उठाउने सोच अबका शासकले नलिए हुन्छ। नीतिगत होस् वा व्यक्तिगत, भ्रष्टाचारलाई जनताले माफी दिने अवस्था छैन। नेपाली जनता यति सचेत र निडर भएका छन् कि सरकार र नेतालाई त कुरै छाडौँ, न्यायालयलाई समेत सम्मान गर्दागर्दै अदालत र न्यायाधीशबाट भएका निर्णयउपरसमेत प्रश्न उठाउन सुरु भएको छ। यो उच्च चेतना आउँदा दिनमा अझ बढ्दै जाने विश्वास गर्न सकिन्छ।

निर्वाचन परिणामले सबैखाले अतिवाद, जातीयता, क्षेत्रीयता र कठमुल्लावादी सिद्धान्तका आधारमा राजनीति गर्न खोज्नेलाई चयन गर्न अस्वीकार गरेको छ। नयाँ भएको र जनताले नचिनेको कारणले कहीँ कतै त्यस्तो दल वा नेता चुनिएको रहेछ भने पनि आउँदा दिनमा छाँटिने सम्भावना प्रबल छ। जनमतले सिधै परिणाममुखी व्यवस्थापन खोजेको छ। निर्वाचित नेतृत्वले उनीहरूको माग बुझेको छ वा छैन, बुझेको भए सोअनुरूप कार्यभार सम्पन्न गर्छ वा गर्दैन, हेर्न बाँकी छ।

# अन्तर्राष्ट्रिय, मनोरञ्जन तथा खेलकुद समाचार

## चीनले इरानी स्कुल आक्रमण पीडितलाई दुई लाख डलर सहयोग दिने

***बेइजिङ, फागुन २९ गते ।***
चीनले मध्यपूर्व युद्धको सुरुआतमा इरानको एक विद्यालयमा भएको घातक क्षेप्यास्त्र आक्रमणमा मारिएका विद्यार्थीका अभिभावकलाई दुई लाख डलर मानवीय सहयोग दिने जनाएको छ ।

इरानले अमेरिका र इजरायलमाथि युद्धको पहिलो दिन दक्षिण इरानस्थित उक्त विद्यालयमा आक्रमण गरेको आरोप लगाएको छ । स्थानीय सञ्चार माध्यमका अनुसार आक्रमणमा मारिएका कम्तीमा १६५ जनाको अन्त्येष्टि गरिएको थियो । घटनाको स्वतन्त्र पुष्टि भने उपलब्ध छैन र अमेरिकी सेनाले अनुसन्धान जारी राखेको छ।

बेइजिङको विदेश मन्त्रालयका प्रवक्ता गुओ जियाकुनले विद्यालय र बालबालिकामाथि हुने आक्रमण अन्तर्राष्ट्रिय मानवीय कानूनको 'गम्भीर उल्लङ्घन' भएको बताउनुभयो । उहाँले भन्नुभयो, "यो मानव विवेक र नैतिकताको आधारलाई उल्लङ्घन गर्ने कार्य हो । चीन यस कठिन समयमा इरानी जनतालाई सहयोग गर्न तयार छ ।" चिनियाँ रेड क्रस सोसाइटीले उक्त सहयोग इरानी रेड क्रिसेन्टमार्फत मृत विद्यार्थीका अभिभावकलाई 'समवेदना र क्षतिपूर्ति' स्वरूप उपलब्ध गराउनेछ।



न्युयोर्क टाइम्सले अमेरिकी सैन्य अनुसन्धानमा अमेरिकी टोमहाक मिसाइलले गल्तीले विद्यालयमा प्रहार गरेको रिपोर्ट प्रकाशित गरेको छ । इजरायलले यस आक्रमणसँग कुनै सम्बन्ध नरहेको बताएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सुरुमा इरान आफैँ जिम्मेवार हुन सक्ने सुझाव दिनु भएको थियो भने पछि 'म अनुसन्धानले देखाउने नतिजा अनुसार प्रतिक्रिया दिने छु' भन्दै थप स्पष्टता दिनु भएको थियो।

## इरानको आक्रमणपछि तेल मूल्य उच्च, शेयर बजार घट्दै

***तेहरान, फागुन २९ गते ।***
तेलको मूल्य उच्च रहँदा विश्वभरका शेयर बजारमा गिरावट आएको छ । इरानका नेता आयातोल्लाह मोज्ताबा खमेनीले हर्मुज स्ट्रेट बन्द गर्ने र अमेरिका तथा इजरायलसँगको युद्धमा नयाँ मोर्चा खोल्ने आह्वान गरेपछि बजारमा अस्थिरता बढेको हो ।

हर्मुज स्ट्रेट विश्वको ऊर्जा आपूर्तिको एक महत्वपूर्ण मार्ग हो, जहाँ विश्वको लगभग एक पाँचौं तेल र ग्याँस ढुवानी हुन्छ । खमेनीले सार्वजनिक रूपमा भन्नुभयो," स्ट्रेटको अवरोध 'अवश्य प्रयोग गर्नुपर्ने' छ र यदि युद्ध जारी रह्यो भने अन्य संवेदनशील मोर्चा पनि खोलिनेछ ।" इरानले यस हप्ता खाडी क्षेत्रमा विभिन्न ऊर्जा संरचनामा हमला गरेको छ । इराक नजिक जहाजमा आक्रमण भएको छ, बहराइनमा इन्धन ट्यांकरमा धावा भएको छ र साउदी अरबमा तेल क्षेत्रहरूमा ड्रोन आक्रमण गरिएको छ ।

इरानले यदि यसको ऊर्जा पूर्वाधार वा बन्दरगाहमा हमला भयो भने 'क्षेत्रको तेल र ग्याँस जलाइने




चेतावनी दिएको छ । तेल बजारमा उच्च मूल्य कायम रहँदा अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीले यो सङ्कटलाई 'विश्व इतिहासकै सबैभन्दा ठूलो आपूर्ति अवरोध' भनेको छ । ब्रेन्ट क्रूडको मूल्यमा उल्लेखनीय वृद्धि देखिएको छ, र यसले वैश्विक ऊर्जा बजारमा अनिश्चितता थपेको छ । तेल मूल्य बढ्दा विश्व अर्थतन्त्रमा मुद्रास्फीतिको खतरा र आर्थिक दबाब बढ्ने जोखिम पनि बढेको छ ।

यसबिच, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिका विश्वकै सबैभन्दा ठूलो तेल उत्पादक भएकाले मूल्य बढ्दा यसबाट लाभ हुने बताउनुभएको छ । तर उहाँले आफ्नो प्राथमिकता इरानलाई आणविक हतियारबाट रोक्ने र मध्यपूर्व तथा विश्वलाई सुरक्षा दिनेतर्फ केन्द्रित रहेको पनि उल्लेख गर्नु भएको छ । बजारमा चिन्ता बढेसँगै एशियाली अर्थतन्त्र सबैभन्दा संवेदनशील देखिएका छन्, किनकि ती अर्थतन्त्र ऊर्जा आयातमा अत्यधिक निर्भर छन् ।

वैश्विक शेयर बजारमा गिरावट आएको छ । टोकियो, हङकङ, शाङ्घाई, सिङ्गापुर, सिओल, मुम्बई, बैङ्कक, वेलिङ्गटन, मनीला र जकार्ताका बजार सबै घटेका छन् । बजार विशेषज्ञले हर्मुज स्ट्रेट बन्द रहँदा शेयर बजारमा दबाब रहिरहनेछ र ऊर्जा मूल्य उच्च रहिरहने चेतावनी दिएका छन् ।

## रास्वपा ...

तर, प्रहरीले जाहेरी लिन सकेन र जिल्ला सरकारी वकिलको कार्यालयमा दर्ता भएको जाहेरी पनि अलपत्र परेको थियो। पाँच वर्षपछि सर्वोच्च अदालतका न्यायाधीश डा. मनोजकुमार शर्मा र श्रीकान्त पौडेलको इजलासले अनुसन्धान अघि बढाउन आदेश जारी गरेको हो।

जाहेरीअनुसार, पौडेललाई नियन्त्रणमा लिएर गोली हान्दा उनीसहित मोटरसाइकलमा रहेका अन्य व्यक्तिहरूलाई पनि जोखिममा राखिएको थियो। प्रत्यक्षदर्शीका अनुसार, प्रहरी टोलीले पौडेललाई घोप्टो पारेर भुईंमा घुँडा टेकेर गोली हानेको थियो। मानव अधिकार आयोगले पनि हत्याअघि कडा कुटपिट गरिएको र ९ गोली हानी हत्या गरिएको निष्कर्ष निकालेको छ।

घटनामा संलग्न अधिकारीहरूमध्ये प्रमुख नामहरूमा इन्सपेक्टर कृष्णदेव प्रसाद साह, हवल्दार सत्यनारायण मिश्र र विनोद शाह, जिल्ला प्रहरी प्रमुख एस.पी. गोपाल भट्टराई, प्रदेश प्रहरी प्रमुख तत्कालीन डिआईजी हरिबहादुर पाल, इलाका प्रहरी कार्यालय लालबन्दीका इन्सपेक्टर किरणप्रसाद न्यौपाने, असई सुर्यकुमार कार्की, र डाक्टर वीरेन्द्रकुमार मण्डल रहेका थिए। पीडित पक्षको दाबीअनुसार, हत्यामा सिधै बागमती नगरपालिकाका मेयर भरतकुमार थापा, स्थानीय नेता बसन्तराज भट्टराई, कमल बुढाथोकी, र प्रदेश सांसद डिल्लीप्रसाद उप्रेती समेतको सल्लाह र योजना संलग्न थियो।

सर्वोच्च अदालतले उक्त आदेश जारी गर्दै जिल्ला सरकारी वकिलको कार्यालय, सर्लाहीमा दर्ता भएको किटानी जाहेरीमाथि अनुसन्धान अघि बढाउन भनेको छ। अब पूर्वगृहमन्त्री थापा, प्रहरी महानिरीक्षक खनाल र घटनामा संलग्न प्रहरीहरुमाथि फौजदारी अनुसन्धान अघि बढाइनेछ।

मानव अधिकार आयोगले प्रतिवेदनमा भनेको छ, 'पौडेललाई नियन्त्रणमा लिई अनावश्यक बल प्रयोग गरी हत्या गरिएको छ। प्रहरीले आत्मरक्षा वा दोहोरो भिडन्त भनी दाबी गरेको भए पनि यसका पुष्टि प्रमाण छैन।' आयोगले सिफारिस गरेको छ कि घटनामा संलग्न ३ जना प्रहरी अधिकारीहरूलाई फौजदारी अभियोगमा कारबाही गर्नुपर्नेछ।

पीडित परिवारले पनि माग गरेका छन् कि दोषी अधिकारीहरूलाई कानूनी कारबाही गरी न्याय सुनिश्चित गरियोस्।

## पिता ...

भक्तपुरस्थित नेपाल-कोरिया मैत्री अस्पतालमा उपचारको क्रममा निधन भएका थिए। उनका दुई छोरा र तीन छोरी रहेका छन्। पार्थिव शरीर ओली निवास गुण्डुमा राखेर पशुपति आर्यघाटमा दाहसंस्कार गरिएको थियो।

बालेनको यस श्रद्धाञ्जलीमा मुख्य फोकस व्यक्तिगत मानवीय संवेदना र पिता-सन्तान सम्बन्धमा परेको पीडामा रहेको देखिन्छ। उनीले राजनीतिक प्रतिस्पर्धा भए तापनि व्यक्तिगत स्तरमा सम्मान र संवेदना कायम राख्नुपर्ने कुरा प्रष्ट पार्नुभएको छ।

विशेष रूपमा, भर्खरै सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा बालेन साहले झापा-५ मा ओलीलाई ऐतिहासिक मतान्तरले पराजित गरेका थिए। तर, यो घटनाले देखाउँछ कि राजनीतिक प्रतिस्पर्धाको बाबजुद पनि मानवीय संवेदनामा कुनै कमी हुँदैन।

## दुईतिहाई ...

सय दिनभित्र साना बचतकर्ताको रकम फिर्ता प्रक्रिया सुरु गर्ने र बचतकर्ताको सुरक्षाका लागि 'एकीकृत बचत सुरक्षा कोष' स्थापना गर्ने प्रतिबद्धता रास्वपाले जनाएको छ।

त्यसैगरी पर्यटन क्षेत्रको विस्तार गर्दै विदेशी पर्यटकको संख्या र उनीहरूको खर्च वृद्धि गर्ने लक्ष्य राखिएको छ। साथै नेपाल वायु सेवा निगम को व्यवस्थापन सुधार गर्ने र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल तथा गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल लाई पूर्ण रूपमा सञ्चालनमा ल्याउने योजना पनि पार्टीले अघि सारेको छ।

निर्वाचन परिणामपछि बलियो जनादेश प्राप्त गरेको रास्वपाका लागि अब सबैभन्दा ठूलो चुनौती भनेको चुनावी वाचालाई व्यवहारमा परिणत गर्नु नै हुने विश्लेषकहरूको भनाइ छ। पाँच वर्षभित्र पार्टीले घोषणा गरेका कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन भएमा मुलुकको शासन प्रणाली र अर्थतन्त्रमा सकारात्मक परिवर्तन ल्याउन सक्ने अपेक्षा गरिएको छ।

## बारामा असिना...

यसैगरी वडा स्तरमा, वडा नं. ९ का वडाध्यक्ष दिलिप शुक्ला र वडा नं. १० का वडाध्यक्ष चन्दन साहले प्रभावित क्षेत्रको बुझेर क्षतिको विवरण संकलन गरिने बताएका छन्।

विशेषज्ञहरूले भने, "बेमौसमी असिना र पानीले किसानको लगानीमा प्रत्यक्ष असर पुर्‍याउँछ। यसबाट उत्पन्न हानि कम गर्न तत्काल प्रशासनिक र सरकारी पहल आवश्यक छ।" तराई-मधेशका किसानहरूको लागि सरकारले बालीनालीमा परेको हानि तत्काल मूल्याङ्कन गरी राहत उपलब्ध गराउने र आगामी प्रकोपबाट बच्ने उपायको व्यवस्था गर्नुपर्ने माग गरेका छन्। असिनाबाट घरको छाना खप्डामा क्षति पुर्‍याएको छ।

## वन ...

त्यसपछि संयुक्त टोली परिचालन गरी अतिक्रमण हटाइएको हो।

डिभिजन प्रमुख साहले जिल्लाका अन्य स्थानमा रहेका अतिक्रमित वन क्षेत्र पनि क्रमशः खाली गराइने बताए। वन संरक्षणका लागि कार्यालय निरन्तर सक्रिय रहेको उल्लेख गर्दै उनले कुनै पनि बहानामा वन अतिक्रमण स्वीकार्य नहुने स्पष्ट पारे।

साथै उनले सर्वसाधारणलाई वन क्षेत्रमा अवैध रूपमा घरटहरा निर्माण नगर्न र वन अतिक्रमण नगर्न आग्रह गर्दै नियम-कानुनको पालना गर्न सचेत रहन अपिल गरेका छन्।

## भारतका ...

सूचकांकका आधारमा दर वृद्धि आवश्यक नभएको तर्क प्रस्तुत गरेको थियो। दुवै पक्षबीच भएको छलफलपछि गत वर्ष कायम गरिएको दरमा १.५ प्रतिशत मात्र वृद्धि गर्ने सहमति भएको छ। सहमतिअनुसार १३२ केभी प्रसारण लाइनमार्फत खरिद गरिने विद्युतको दर प्रति युनिट ८.२२ रुपैयाँ, ३३ केभी स्तरमा ८.९१ रुपैयाँ र ११ केभी स्तरमा ९.५५ रुपैयाँ कायम गरिएको छ।

यस सहमतिले सुख्खा मौसममा नेपालमा हुने विद्युत अभाव व्यवस्थापन गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। हाल प्राधिकरणले दैनिक करिब १२ देखि १४ हजार मेगावाट घण्टा विद्युत भारतबाट आयात गरिरहेको छ, र माग बढ्दै जाँदा उक्त परिमाण अझ बढ्न सक्ने अनुमान गरिएको छ।

बैठकमा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका प्रतिनिधि, परराष्ट्र मन्त्रालय (नेपाल) का अधिकारीहरू तथा काठमाडौँस्थित भारतीय दूतावास, काठमाडौँ का प्रथम सचिव सुमन शेखर लगायतको सहभागिता रहेको थियो। दुवै पक्षले यस सहमतिले नेपाल-भारतबीचको ऊर्जा सहकार्यलाई अझ मजबुत बनाउने विश्वास व्यक्त गरेका छन्

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
बालबालिकालाई विद्यालय पठाउने ।
उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
वीरगंज महानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
बालबालिकालाई विद्यालय पठाउने ।
उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
महागढीमाई नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
बालबालिकालाई विद्यालय पठाउने ।
उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
करैयामाई गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
बालबालिकालाई विद्यालय पठाउने ।
उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
जीतपुरसिमरा उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

# एलपी ग्यास आपूर्तिमा कुनै समस्या छैन : नेपाल आयल निगम

*२९ फागुन, काठमाडौँ –*
नेपाल आयल निगम ले नेपालमा भारतबाट आउने एलपी ग्यासको आपूर्तिमा कुनै समस्या नरहेको जनाएको छ।
शुक्रबार काठमाडौँमा आयोजित पत्रकार सम्मेलनमा निगमका प्रवक्ता मनोजकुमार ठाकुर ले हालसम्म माग अनुसार नै भारतबाट ग्यास आपूर्ति भइरहेकाले आपूर्तिमा समस्या नभएको जानकारी दिए।
उनका अनुसार बजारमा ग्यास अभाव हुने हल्ला फैलिएपछि उपभोक्ताले अनावश्यक रूपमा ग्यास भण्डारण गर्दा अहिले बजारमा अभावजस्तो देखिएको हो। प्रवक्ता ठाकुरले बजारमा देखिएको कृत्रिम अभावलाई समाधान गर्न ग्यासको आपूर्ति तथा वितरण




प्रणालीलाई व्यवस्थित बनाउँदै आधा ग्यास सिलिन्डर बिक्री-वितरण सुरु गरिएको पनि बताए।
उनले नेपालमा पर्याप्त मात्रामा ग्यास आपूर्ति भइरहेकाले अनावश्यक भण्डारण नगर्न आम उपभोक्तालाई आग्रह गरेका छन्। आजसम्म मागको शतप्रतिशत ग्यास आपूर्ति भएको भए पनि भोलिको अवस्थाबारे स्पष्ट भन्न नसकिने उनको भनाइ छ।
त्यस्तै डिजेल र पेट्रोलको हकमा १५-१५ दिनमा नयाँ मूल्यसूची आउने भए पनि हवाई इन्धन र एलपी ग्यासको मूल्य भने एक महिनामा समायोजन हुने व्यवस्था रहेको उनले जानकारी दिए। नयाँ मूल्यसूची प्राप्त भएपछि मात्रै ग्यासको मूल्य बढ्ने वा नबढ्नेबारे आवश्यक निर्णय गरिने उनले बताए।

# ग्यास-इन्धनको कृत्रिम अभाव बनाउनेलाई कारबाही गर्न आयोगको निर्देशन

*काठमाडौँ, २९ फागुन २०८२ -*
काठमाडौँ उपत्यका र देशका मुख्य सहरहरूमा खाना पकाउने ग्यास र पेट्रोलियम पदार्थको कृत्रिम अभाव देखिन थालेपछि राष्ट्रिय मानव अधिकार आयोगले सरकारलाई तुरुन्त कारबाही गर्न निर्देशन दिएको छ।
आयोगले बजारमा पर्याप्त इन्धन भए पनि केही स्वार्थी समूह र व्यवसायीले वस्तु लुकाउने, अभावको हल्ला फैलाउने र उपभोक्तालाई अनावश्यक भण्डारण गर्न उक्साएको पाइएको जानकारी दिएको छ। यसले सर्वसाधारणमा ठूलो चिन्ता र अन्योल सिर्जना गरेको आयोगले उल्लेख गरेको छ।
सहप्रवक्ता श्यामबाबु काफ्लेका अनुसार, आयोगले नेपाल आयल निगम, वाणिज्य विभाग र ग्यास डिपोहरूमा अनुगमन गर्दै देखेको छ कि आपूर्ति व्यवस्थापनमा कृत्रिम अवरोध खडा गरी उपभोक्ताको




जीवनयापन गर्ने अधिकारमाथि असर पुगेको छ। आयोगले यसलाई संविधानको धारा ४४ र उपभोक्ता संरक्षण ऐन २०७५को उल्लङ्घन ठहर गरेको छ।
असत्य समाचार र अफवाहका कारण सर्वसाधारणले घरमा ग्यास सिलिन्डर थुपार्न थालेको, जसले बजारमा असन्तुलन ल्याएको आयोगले ठहर गरेको छ।
आयोगले सरकारलाई निर्देशन दिएको छ कि वितरण प्रणाली पारदर्शी र चुस्त बनाउन आवश्यक कदम चाल्नुपर्छ। कृत्रिम अभाव सिर्जना गर्ने र कालोबजारीमा संलग्न हुनेहरूलाई पहिचान गरी कानुनी दायरामा ल्याउन, अनावश्यक भण्डारण रोक्न नियमनकारी निकायलाई सक्रिय बनाउनुपर्ने आयोगले भनेको छ।
अन्तर्राष्ट्रिय मानव अधिकार अनुबन्धको स्मरण गराउँदै आयोगले चेतावनी दिएको छ कि अत्यावश्यकीय वस्तुको आपूर्तिमा अवरोध सिर्जना गर्नु मानव अधिकारको गम्भीर हनन मानिनेछ।

# खानेपानी अभावले रित्तिँदै पाँचथरको ढुकुरे गाउँ

*पाँचथर, फागुन २९ –*
खानेपानीको चरम अभावका कारण तुम्बेवा गाउँपालिका-१ ढुकुरे क्षेत्रको बस्ती क्रमशः रित्तिँदै गएको छ। कुनै समय बाक्लो बस्ती रहेको ढुकुरेमा अहिले अधिकांश घर खाली भएका छन् भने स्थानीयहरू बसाइँ सर्न बाध्य भएका छन्।
स्थानीयका अनुसार ढुकुरे डाँडागाउँस्थित गर्भवती आधारभूत विद्यालय आसपासमा केही वर्षअघिसम्म १३ परिवार बसोबास गर्थे। तर हाल त्यही क्षेत्रमा केवल दुई परिवार मात्रै बसिरहेका छन्। एकपछि अर्को गर्दै परिवारहरू गाउँ छाडेपछि घरहरू भत्किँदै गएका छन् भने खेतीयोग्य जमिनसमेत झाडीले ढाक्न थालेको छ।
स्थानीय सामाजिक कार्यकर्ता कमलबहादुर कार्कीका अनुसार गाउँ रित्तिनुको मुख्य कारण खानेपानीको अभाव हो। उनका अनुसार विसं २०७४ यता वर्षा कम हुँदै गएपछि पिउने पानीका मुहानहरू सुक्दै गएका छन्। पानीको समस्या बढ्दै जाँदा धेरै परिवारले बसाइँ सर्ने



निर्णय गरेका हुन्।
कार्कीका अनुसार एक समय ६० भन्दा बढी घरधुरी रहेको ढुकुरेमा अहिले करिब २५ परिवार मात्र बाँकी छन्। 'सडक र विद्युत् जस्ता पूर्वाधार आए पनि पानीको समस्या समाधान नहुँदा मानिसहरू गाउँ छाड्न बाध्य भएका छन्,' उनले भने।
यहाँ करोडौँ रुपैयाँको लगानीमा आइन्ना-मौवा बृहत् पम्पिङ खानेपानी आयोजना निर्माण गरिएको भए पनि प्रभावकारी रूपमा सञ्चालन हुन सकेको छैन। स्थानीयका अनुसार पम्पिङ प्रणालीबाट पानी ल्याउने व्यवस्था भए पनि कहिले विद्युत् अवरुद्ध हुने त कहिले मेसिन बिग्रिने समस्या भइरहँदा पानी वितरण नियमित हुन सकेको छैन।
पानी अभावले दैनिक जीवन कष्टकर बनेको स्थानीयको गुनासो छ। कतिपय परिवारले ट्याक्टरबाट ल्याइएको खोलाको पानी प्रयोग गरेर गुजारा गर्नुपरेको छ भने कतिपयले घण्टौँ समय लगाएर थोरै मात्र पानी संकलन गर्नुपरेको अवस्था रहेको छ। स्थानीयहरूका अनुसार खानेपानीको समस्या समाधान भए गाउँमा बसाइँसराइ रोक्न सकिने सम्भावना छ। तर हालसम्म प्रभावकारी व्यवस्थापन हुन नसक्दा ढुकुरे गाउँ क्रमशः सुनसान बन्दै गएको छ।

# राप्रपाकी पूर्वसांसद कन्चन बिच्छाको रिट सर्वोच्चद्वारा खारेज

*जनकपुर, २९ फागुन २०८२ -*
सर्वोच्च अदालतले राष्ट्रिय जनता पार्टी (राप्रपा) बाट निष्कासित मधेश प्रदेश सभा सदस्य कन्चन बिच्छाको रिट खारेज गरेको छ।
न्यायाधीश कुमार रेग्मी र अब्दुल अजिज मुसलमानको संयुक्त इजलासमा भएको सुनुवाईपछि शुक्रबार यो निर्णय जारी गरिएको हो।
राप्रपाबाट निष्कासित बिच्छा प्रदेश सभा सदस्यको पद फिर्ता पाउने माग गर्दै सर्वोच्चमा निवेदन दर्ता



गरेकी थिइन्। उनका अनुसार, उनी पार्टीको निर्देशनअनुसार काम नगरेको आरोपमा अनुशासन प्रक्रिया अपनाइएपछि पदमुक्त गरिएको थियो। सुनुवाइको क्रममा अदालतले राप्रपाको तर्कलाई उचित ठहर गर्दै बिच्छाको रिट खारेज गर्ने निर्णय गरेको छ। पार्टीका अनुसार, पूर्वसांसद सरोज यादव नेतृत्वको सरकारमा पार्टीको निर्देशन विपरीत सहभागी भएका सदस्यहरूलाई फिर्ता बोलाएर अनुशासन प्रक्रिया अघि बढाइएको थियो।
यस निर्णयसँगै कन्चन बिच्छाको समानुपातिक सांसद पद बहालीको माग अस्वीकार भएको छ।

# बालेन शाहलाई संसदीय दलको नेता बनाउन रास्वपाले विधान संशोधन गर्ने तयारी

२९ फागुन ,काठमाडौं – राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले वरिष्ठ नेता बालेन शाह लाई संसदीय दलको नेता बनाउन पार्टीको विधान संशोधन गर्ने तयारी गरेको छ।
रास्वपाले प्रतिनिधिसभा निर्वाचनअघि नै बालेन शाहलाई प्रधानमन्त्रीको उम्मेदवार घोषणा गर र चुनावमा गएको थियो। चुनावमा पार्टीले ठूलो सफलता प्राप्त गर पछि उनलाई संसदीय दलको नेता बनाउने विषयमा विधानमा आवश्यक संशोधन गर्ने तयारी गरि एको पार्टी नेताहरूले बताएका छन्।
पार्टीकी सहप्रवक्ता प्रतिभा रावल का अनुसार बालेन शाहलाई प्रधानमन्त्री उम्मेदवारका रूपमा अघि सारेर चुनाव लडिएकाले संसदीय दलको नेतृत्व पनि उनीबाटै गराउने विषयमा पार्टीभित्र छलफल भइरहेको छ। त्यसका लागि विधानमा रहेका प्रावधानहरू परि



मार्जन गर्ने तयारी भइरहेको उनले बताइन्।
रास्वपाको विधानको धारा ६६ मा संसदीय दलको नेता चयनसम्बन्धी व्यवस्था छ। उक्त व्यवस्थाअनुसार प्रतिनिधिसभा निर्वाचनमा प्रत्यक्ष र समानुपातिकतर्फ चयन भएका उम्मेदवारमध्ये इच्छुक व्यक्तिबीच निर्वाचनमार्फत दलको नेता चयन गर्ने प्रावधान रहेको छ। पार्टीले यही व्यवस्थामा संशोधन गर्ने विषयमा छलफल गरिरहेको जनाएको छ।
यसैबीच पार्टी समानुपातिकतर्फ सांसद चयन गर्ने प्रक्रियामा पनि जुटेको छ। पार्टी सभापति रवि लामिछाने अस्वस्थ भएकाले केही दिनदेखि बैठक बस्न ढिलाइ भएको बताइएको छ।
गत फागुन २१ गते भएको प्रतिनिधिसभा निर्वाचनमा रास्वपाले १८२ सिट जित्दै ठूलो सफलता हासिल गरेको थियो। पार्टीले प्रत्यक्षतर्फ १२५ र समानुपातिकतर्फ ५७ सिट प्राप्त गरेको छ।

# भारतका तीन राज्यबाट एक वर्षका लागि नेपालले विद्युत आयात गर्ने सहमति

२९ फागुन,पोखरा – आगामी एक वर्षका लागि भारतका बिहार, उत्तर प्रदेश र उत्तराखण्ड राज्यबाट नेपालले विद्युत आयात गर्ने सहमति भएको छ। नेपाल-भारत विद्युत आदान-प्रदान समिति को पोखरामा सम्पन्न १७औं बैठकले यस्तो निर्णय गरेको हो।
नेपाल विद्युत प्राधिकरण का अनुसार नेपाल र भारतबीच पीईसीमार्फत विद्युत खरिद गर्ने प्रक्रिया सन् १९९२ देखि निरन्तर रूपमा सञ्चालन हुँदै आएको छ। तीन दशकभन्दा बढी समयदेखि सञ्चालनमा रहेको यो संयन्त्र नेपाल-भारत ऊर्जा सहकार्यको महत्वपूर्ण आधार मानिन्छ।



बैठकले आगामी एक वर्षका लागि विद्युत खरिद दरसमेत निर्धारण गरेको प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्य ले जानकारी दिए। बैठकमा नेपालको तर्फबाट शाक्यले नेतृत्व गरेका थिए भने भारतको तर्फबाट केन्द्रीय विद्युत प्राधिकरण (भारत) का बोर्ड सदस्य विजय कुमार सिंह ले नेतृत्व गरेका थिए।
वार्ताका क्रममा भारतीय पक्षले विद्युत उत्पादन तथा आपूर्तिसँग सम्बन्धित लागत बढेको भन्दै विद्युत खरिद दरमा ५.५ प्रतिशत वृद्धि गर्ने प्रस्ताव गरेको थियो। तर नेपाली पक्षले भारतीय विद्युत बजारको अध्ययन तथा उपलब्ध बजार

बाँकी तेस्रो पृष्ठमा

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
बालबालिकालाई विद्यालय पठाउने ।
उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔं, भविष्य उज्यालो बनाऔं"
फेटा गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
बालबालिकालाई विद्यालय पठाउने ।
उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔं, भविष्य उज्यालो बनाऔं"
सुवर्ण गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

सोनु सेकुवा कर्नर
पेट्रोल पम्पको ठिक पश्चिमपट्टि
प्रो. पिन्टु भाई
स्वादिलो मासाहारी परिकारको उत्कृष्ट गन्तव्य
यहाँ पाइने विशेष परिकारहरु:
– विभिन्न प्रकारका सेकुवा
– लोकल देखि ठूला माछाका स्वाष्टि परिकार
– ताजा मासुका खाजा तथा खाना
– स्वादिलो नेपाली खाना
– सफा तथा आरामदायी वातावरण
– परिवार र साथीभाइसँग आउन उपयुक्त
– सुपथ मूल्यमा उत्कृष्ट स्वाद

